# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ ६ गते, २०२० साल

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

श्री ५ बाट बनाइबक्सेको तल लेखिए बमोजिमको राष्ट्रिय पञ्चायतका अध्यक्ष उपाध्यक्ष र सदस्यहरूको (पारिश्रमिक) नियम २०१९ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष उपाध्यक्ष तथा सदस्यहरूको (पारिश्रमिक) नियम २०१९

नेपालको संविधानको धारा ५३ अनुसार श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट यो नियम बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भः– (१) नियमको नाम "राष्ट्रिय पंञ्चायत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको (पारिश्रमिक) नियम, २०१९" रहेकोछ ।

(२) यो नियम नपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो नियम तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियममाः–

(क) "अध्यक्ष" भन्नाले राष्ट्रिय पञ्चायतका अध्यक्ष सम्झनु पर्छ,

(ख) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय पञ्चायतका उपाध्यक्ष सम्झनु पर्छ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "सदस्य" भन्नाले राष्ट्रिय पञ्चायतको सदस्य सम्झनु पर्छ,

(घ) "बैठक" भन्नाले राष्ट्रिय पञ्चायतको बैठक सम्झनु पर्छ ,

(ङ) "समिति" भन्नाले राष्ट्रिय पञ्चायतको समिति सम्झनु पर्छ ।

३. अध्यक्षको पारिश्रमिकः– अध्यक्षलाई प्रतिमास ने. रू. १,८००।– एकहजार आठसय पारिश्रमिक दिइनेछ ।

४. अध्यक्षको घरभाडा, भ्रमणभत्ता इत्यादिः– अध्यक्षलाई भ्रमणभत्ता, दैनिक भत्ता, घरभाडा, सवारी, फर्निचर तथा निजी स्टाफको हकमा श्री ५ को मन्त्रीले पाए सरहको सबै सुविधा दिइनेछ ।

५, उपाध्यक्षको पारिश्रमिकः– उपाध्यक्षलाई प्रतिमास ने. रू. १,०००।– एकहजार पारिश्रमिक दिइनेछ ।

६. उपाध्यक्षको निमित्त घरभाडा, भ्रमणभत्ता इत्यादिः– उपाध्यक्षलाई भ्रमणभत्ता, दैनिक–भत्ता, घरभाडा, सवारी, फर्निचर तथा निजी स्टाफको हकमा श्री ५ को सहायक मन्त्रीले पाए सरहको सबै सुविधा दिइनेछ ।

७. सदस्यहरूको पारिश्रमिकः– अध्यक्ष, उपाध्यक्ष, श्री ५ को मन्त्री र श्री ५ को सहायक मन्त्री बाहेक अन्य प्रत्येक सदस्यलाई प्रतिमास ने. रू. ३००।- तीनसय पारिश्रमिक दिइनेछ।

८. सदस्यहरूको निमित्त दैनिक भत्ताः– (१) अध्यक्ष, उपाध्यक्ष, श्री ५ को मन्त्री र श्री ५ को सहायक मन्त्री बाहेक अन्य प्रत्येक सदस्यलाई राष्ट्रिय पञ्चायतको वा त्यसको कुनै समितिको कुनै बैठकमा भाग लिएको वा राष्ट्रिय पञ्चायतको अन्य कुनै काम गरेको प्रत्येक दिनको निमित्त ने. रू. १५।– पन्ध्र दैनिक भत्ता दिइनेछ ।

(२) उप–नियम (१) अनुसार दिइने दैनिक भत्ता अधिवेशन कालमा बैठक वा समिति स्थगित भएमा वा अवस्थानुसार अध्यक्षको अनुमतिले बिरामी वा क्रिया बिदा लिएर राष्ट्रिय पञ्चायतको बैठक वा समितिमा उपस्थित हुन नसकेमा पनि दिइनेछ ।

९. सदस्यको निमित्त भ्रमण भत्ताः– स्थायी निवासस्थानबाट राष्ट्रिय पञ्चायतको बैठकमा भाग लिन आउंदा, वा भाग लिएर फर्कँदा तथा राष्ट्रिय पञ्चायत सम्बन्धी अरू काममा भ्रमण गर्दा अध्यक्ष, उपाध्यक्ष, श्री ५ को मन्त्री र श्री ५ को सहायक मन्त्री बाहेक अन्य प्रत्येक सदस्यलाई निम्नलिखित दरले भ्रमण भत्ता दिइनेछः–

(क) नेपाल अधिराज्यभित्रको आन्तरिक हवाई सेवा भएको ठाउंबाट आउंदा जाँदा हवाई जहाजबाट आए गएको एकजनाको निमित्त लाग्ने हवाई भाडा,

(ख) रेलबाट भ्रमण गर्दा पहिला दर्जाको टिकट खर्च र सो खर्चको पच्चीस प्रतिशत थप खर्चसमेत,

(ग) नेपाल अधिराज्यभित्र मोटरबाट भ्रमण गर्दा प्रतिकोश ।५० पचास पैसा,

(घ) पैदल भ्रमण गर्दा प्रतिकोस ने. रू. ३।– तीन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. भ्रमण भत्ता नपाउने:– (१) नियम ८ मा जेसुकै लेखिएको भए तापनि काठमाडौं उपत्यकामा नै स्थायी निवासस्थान हुने सदस्यलाई आफ्नो स्थायी निवासस्थानबाट राष्ट्रिय पञ्चायतको बैठकमा भाग लिन आउंदा र भाग लिएर फर्कंदा कुनै प्रकारको भ्रमण भत्ता प्राप्त हुने छैन ।

(२) कुनै सदस्य सस्पेण्डमा रहेमा निजलाई सस्पेण्डमा रहेको अवधि भर कुनै किसिमको भत्ता दिइने छैन ।

११. सम्बन्धित जिल्ला पञ्चायत मार्फत पारिश्रमिक पाउने:– (१) राष्ट्रिय पञ्चायत अधिवेशन कालमा प्रत्येक सदस्यले मासिक पारिश्रमिक राष्ट्रिय पञ्चायतको सचिवालयबाट भुक्तानी पाउनेछ ।

(२) सो अधिवेशनकाल बाहेकको मासिक पारिश्रमिक प्रत्येक सदस्यले आफ्नो सम्बन्धित जिल्ला पञ्चायत मार्फत भुक्तानी पाउने व्यवस्था राष्ट्रिय पञ्चायतको सचिवालयले मिलाउनेछ ।

आज्ञाले–
(कुलशेखर शर्मा)
श्री ५ को सरकारको सचिव,
पञ्चायत मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

९०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।